घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## हार्दिक धन्यवाद

नेपालका ७५३ वटै स्थानीय तहका प्रमुख तथा अध्यक्षहरु र ७७ वटै जिल्ला समन्वय समितिका प्रमुखहरुलाई आमन्त्रण गरी नेपाल सरकारका माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीज्यूको प्रमुख आतिथ्यमा घरपझोङ गाउँपालिका, मुस्ताङले मिति २०८३ भाद्र ३० र ३१ आयोजना गरेको **"घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३"** सफल पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौ, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौँ, कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदबार, काठमाडौँ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा, हाम्रो गाउँपालिका संग भगिनी सम्बन्ध कायम भएका ललितपुर महानगरपालिका, पोखरा महानगरपालिका, बुटवल उपमहानगरपालिका लगायत सहयोगी सवै स्थानीय तहहरु, मुस्ताङ जिल्लाका ४ वटै छिमेकी गाउँपालिकाहरु, अन्तराष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (ICIMOD), विश्व बन्यजन्तु कोष (WWF), राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC), अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP), संरक्षण क्षेत्र व्यवस्थापन समिति, जोमसोम, थाक पाँच गाउँ उद्धार समिति, निर्माण व्यवसायी संघ, मुस्ताङ, जोमसोम महिला समूह, पुथाङ आमा समूह, लगायत पाँचवटै वडाका आमा/महिला समूहहरु, घरपझोङ गाउँपालिकाका सबै युवा क्लबहरु, व्यवसायीहरु, विभिन्न संघसंस्थाहरु लगायत सरोकारवालाहरु यहाँहरुको महत्वपूर्ण सहयोग, सहकार्य र सहभागिताका लागि हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौं ।

व्यस्त समयका बाबजुद प्रमुख अतिथिको आतिथ्य ग्रहण गरी सम्मेलनको शोभा बढाई दिनु भएकोमा माननीय कृषि वन तथा पर्यावरण मन्त्री गिता चौधरीज्यू,, विशिष्ट अतिथिको रुपमा उपस्थित भई कार्यक्रमका शोभा बढाई दिनु भएकोमा प्रतिनिधि सभा सदस्य माननीय योगेश गौचन थकालीज्यू, प्रदेश सभा सदस्य माननीय विकल शेरचनज्यू लगायत सम्मेलनमा उपस्थित सम्पूर्ण अतिथिज्यूहरु,

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## हार्दिक धन्यवाद

मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू, सम्पूर्ण सूरक्षा निकायका प्रमुखज्यूहरु, सम्मेलनको प्रस्तुतीकरण तथा छलफल सत्रमा प्रस्तुतीकरण गर्नुहुने जलवायुविद, वातावरणविद, विकासविद सम्पूर्ण विज्ञ एवम् बौद्दिक व्यक्तित्वज्यूहरु, मुस्ताङ जिल्लाका सम्पूर्ण कार्यालय प्रमुखज्यूहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय संञ्चार माध्यम, मुस्ताङ जिल्लास्थित सम्पूर्ण पत्रकारहरु, सम्मेलनको उद्घाटन तथा समापन सत्र सञ्चालनमा सहयोग गर्नुहुने वरिष्ठ पत्रकार श्री दिपेन्द्र श्रेष्ठज्यू, सहजकर्ता सनोत अधिकारीज्यू, मूर्तिकार दिनेश्वर महतोज्यू लगायत सम्मेलनलाई व्यवस्थित पार्न सरसफाई लगायत अन्य व्यवस्थापनका लागि खटिनु भएका स्थानीय जनसमुदाय, सुरक्षाकर्मीहरु, स्वयंसेवकहरु लगायत सम्पूर्ण जनशक्तिहरुमा हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौं ।

घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ लाई भव्यताका साथ सफल पार्न महत्वपूर्ण भूमिका खेल्नुहुने आमन्त्रित जिल्ला समन्वय समिति महासंघका अध्यक्षज्यू, नेपाल नगरपालिका संघका अध्यक्षज्यू एवम् सातवटै प्रदेशका अध्यक्षज्यूहरु, गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्षज्यू, एवम् सातवटै प्रदेशका अध्यक्षज्यू तथा पदाधिकारीज्यू, सम्मेलनलाई भव्य बनाउनका लागि अहोरात्र खट्नुभएका घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ मुल व्यवस्थापन समितिका संयोजक तथा सदस्यहरु, विभिन्न उप-समितिहरुका संयोजक तथा सदस्यहरु, घरपझोङ गाउँपालिकाका जनप्रतिनिधिज्यूहरु र गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, सम्मेलनको तयारी, सञ्चालन, जनपरिचालन, र व्यवस्थापनमा यहाँहरुले पुऱ्याएको योगदान अमूल्य र प्रशंसनीय छ।

घरपझोङ जलवायू परिवर्तन सम्मेलन, २०८३ मा उपस्थित जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपलिकाको सक्रिय सहभागिता, समर्पण र सहकार्यले सम्मेलनलाई उद्देश्य अनुरुप सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## हार्दिक धन्यवाद

जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न स्थानीय तह, प्रदेश सरकार र संघ सरकारको साझा ऐक्यवद्दता, प्रतिबद्धता र सहकार्य आवश्यक रहेको सन्दर्भमा यहाँहरूको सहभागिता अत्यन्त हौसलादायी एवम् प्रेरणादायी रहेको हामी विश्वास गर्दछौं।

उक्त सम्मेलनले पवित्र कालीगण्डकीको तटबाट, शालग्रामको पावन भूमिबाट, मुक्तिनाथ भगवानको छत्रछायाबाट, निलगिरी र धौलागिरी हिमाललाई साक्षी राखेर हिमाल बचाउने, जलवायु वित्त र जलवायु न्यायका लागि स्थानीय तहको पहुँच स्थापित गर्ने लगायतका विविध विषयलाई अंगीकार गर्दै नेपालका स्थानीय तहहरूको साझा प्रतिबद्धता, सामूहिक आवाज र जलवायु न्यायका लागि साझा आह्वानका रुपमा १२ भाग र ४९ बुँदा समेटिएको "जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र, २०८३" जारी गरेको छ । जसको श्रेय यहाँहरु सम्पूर्ण महानुभावहरुमा जान्छ ।

निकट भविष्यमा पनि वातावरण संरक्षण सम्बन्धी मुद्धामा, जलवायु अनुकूलन तथा दिगो विकासका अभियानहरूमा साथै जलवायु न्यायको सवालमा सवैको सहयोग, सहकार्य र सहभागिताको अपेक्षा राख्दै यहाँहरूको अमूल्य सहयोगका लागि समग्र गाउँपालिका एवम् सम्मेलन आयोजकको तर्फबाट हार्दिकतापूर्वक धन्यवाद ज्ञापन गर्दछौं।

.......................
(भिम कुमार बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

.......................
(मोहन सिंह लालचन)
अध्यक्ष